आज मिति २०८१-०९-०५ गते बुधबारका दिन यस के.आई.सिंह गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर शाही ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको सातौं (आ.ब. ०८१-०८२) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोकेन्द्र बहादुर शाही | अध्यक्ष | |
| २ | श्री मिना देवी बिष्ट | उपाध्यक्ष | |
| ३ | श्री कृष्ण बहादुर बम | वडा अध्यक्ष ( वडा नं. १) | |
| ४ | श्री नेत्र बहादुर रावल | वडा अध्यक्ष (वडा नं २ ) | |
| ५ | श्री राम बहादुर कुवर | वडा अध्यक्ष (वडा नं ३ ) | |
| ६ | श्री जय बहादुर धामी | वडा अध्यक्ष (वडा नं ४ ) | |
| ७ | श्री दुर्गा सिं रावल | वडा अध्यक्ष (वडा नं ५ ) | |
| ८ | श्री कृष्ण प्रसाद जैशी | वडा अध्यक्ष (वडा नं ६ ) | |
| ९ | श्री कलु देवी आउजी | कार्यपालिका सदस्य | |
| १० | श्री नारु बि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री धारु बि.क. | कार्यपालिका सदस्य | |
| १२ | श्री निर्मला कुमारी बटाला | कार्यपालिका सदस्य | |
| १३ | श्री विष्णु बहादुर माझी | कार्यपालिका सदस्य | |
| १४ | श्री नरिभान लुहार | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भण्डारी बलायर | का.बा. वडा अध्यक्ष (वडा नं. ७) | |
| १६ | श्री हिमाल डगौरा | सदस्य-सचिव | |
| १७ | श्री चक्र ब. रावल | कृषि विकास शाखा | |
| १८ | श्री दिपेन्द्र खड्का | ई. सब. इन्जिनियर | |
| १९ | श्री कमल हमाल | विपद व्यवस्थापन शाखा | |

मितिः २०८१ पौष ५ गते शुक्रबार

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः७

**प्रस्तावहरु:**

१) संग्रहालयमा आवश्यक सामग्रीको विवरण संकलनका लागि समिति गठन सम्बन्धमा।

२) गरिबसँग विश्वेश्वर कार्यक्रमका लागि पहिलेका दरखास्त मान्य हुने सम्बन्धमा।

३) कार्यालय सहयोगी दैनिक ज्यालादारीमा पदपूर्ति गर्ने सम्बन्धमा।

४) के.आई.सिंह गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।

५) के.आई.सिंह गाउँपालिकाको अनाथ, असहाय बालबालिकाको आधारभूत शिक्षा पहुँच सुनिश्चितता तथा पालनपोषण व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।

६) के.आई.सिंह गाउँपालिकाको नदीजन्य पदार्थ व्यवस्थापनमा मेसीनरी उपकरण प्रयोग सम्बन्धी कार्यविधी, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।

७) विपद सम्बन्धी रकमको भुक्तानी सम्बन्धमा।

८) स्थानीय पाठ्यपुस्तक निर्माण सम्बन्धमा।

९) सःशुल्क जग्गा प्राप्ति सम्बन्धमा।

**निर्णयहरू:**

**निर्णय नं. १:**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गा.पा.को वडा नं. १ मा अवस्थित के.आई. सिंह संग्रहालयमा सामग्री व्यवस्थापनका लागि आवश्यक सामग्रीको सूची तयार गरी कार्यपालिकामा पेश गर्नका लागि तपशीलका पदाधिकारी रहने गरी *संग्रहालयका लागि आवश्यक सामग्री खोज तथा अध्ययन समिति* गठन गरियो।

तपशीलः

| क्र.सं. | पदाधिकारीको नाम | पद |
|---|---|---|
| १ | श्री कृष्ण बहादुर बम (संयोजक- सामाजिक विकास समिति) | संयोजक |
| २ | श्री मोहन शाही( संचारकर्मी) | सदस्य |
| ३ | श्री दुर्गा सिंह रावल | सदस्य |
| ४ | श्री हर्क बिष्ट | सदस्य |
| ५ | श्री बिरेन्द्र साउद( रोजगार संयोजक) | सदस्य-सचिव |

**निर्णय नं. २:**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गरिबसँग विश्वेश्वर कार्यक्रम संचालन तथा सहजीकरणका लागि यस अघि आ.व. ०७९-०८० मा सामाजिक परिचालक पदपूर्ति गर्न दरखास्त आव्हान गरिएकोमा चालु आ.व.०८१-०८२ मा समेत दरखास्त आव्हान गरिएकोले पहिलेका दरखास्तहरूलाई छनौटका लागि थप प्रकृयाहरूमा सहभागी गराउने निर्णय गरियो।

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. २ र ५ मा अवस्थित क्रमशः तिखात्तर स्वास्थ्य चौकी र रानागाउँ स्वास्थ्य चौकीमा कार्यालय सहयोगीको पद रिक्त भई दैनिक सेवा प्रवाह लगायत कार्यालय संचालनमा व्यवधान सिर्जना भएकोले तपशीलका व्यक्तिहरूलाई दैनिक ज्याला रू. ६१५|-(छ सय पन्ध्र) रहने गरी दैनिक ज्यालादारीमा क्रमशः तिखात्तर स्वास्थ्य चौकी र रानागाउँ स्वास्थ्य चौकीमा कामकाज गर्न कार्यालय सहयोगीको रूपमा पदपूर्ति गर्ने निर्णय गरियो।

तपशीलः

मितिः २०८१ पौष ५ गते शुक्रबार

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः७

| क्र.सं. | नाम,थर र ना.प्र.प.नं. | पद | कार्यालयको नाम |
|---|---|---|---|
| १ | झकेन्द्र बहादुर बम(ना.प्र.प.नं. ६८-०१-७६-००७९६) | कार्यालय सहयोगी | तिखात्तर स्वास्थ्य चौकी |
| २ | छत्र बहादुर रावल (ना.प्र.प.नं. ५२९६) | कार्यालय सहयोगी | रानागाउँ स्वास्थ्य चौकी |

निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा उपभोक्ताहरूको हितलाई ध्यानमा राखी बजार अनुगमनका लागि तर्जुमा गरिएको *'के.आई.सिंह गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०८१'* स्वीकृत गरियो ।

निर्णय नं.५:

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ४ मा अवस्थित सरस्वती आधारभूत विद्यालयमा अनाथ, असहाय बालबालिकाहरूलाई आवाशिय विद्यालय संचालनलाई थप व्यवस्थित गर्न *'के.आई.सिंह गाउँपालिकाको अनाथ, असहाय बालबालिकाको आधारभूत शिक्षा पहुँच तथा पालनपोषण व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१'* स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका भएर बग्ने नदी तथा खोलामा रहेका नदीजन्य पदार्थ व्यवस्थापनका लागि मेसीनरी उपकरणको प्रयोगलाई व्यवस्थित गर्नु पर्ने भएकोले *'के.आई.सिंह गाउँपालिकाको नदीजन्य पदार्थ व्यवस्थापनमा मेसीनरी उपकरणको प्रयोग सम्बन्धी कार्यविधि, २०८१'* स्वीकृत गरियो ।

निर्णय नं. ७:

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व.मा मनसुनजन्य विपदका कारण क्षति भएका यस पालिका अन्तर्गतका क्षतिग्रस्त सडक, विद्युत लगायतका संरचना मर्मत सम्भार तथा प्लाष्टिक वितरण लगायतमा भएको खर्चको रकम स्थानीय विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ८:

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बजेटको सीमा भित्र रही आधारभूत तह सम्मका लागि स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ९:

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको तपशीलका संरचना र बाटोको लागि निःशुल्क जग्गा प्राप्तिको सूचना आव्हान गर्दा कुनै पनि व्यक्तिले निःशुल्क रूपमा जग्गा दानका लागि निवेदन पेश नगरेकोले देहायका जग्गा सःशुल्क रूपमा प्राप्ति गर्ने र सोको लागि आवश्यक प्रकृया बढाउने निर्णय गरियो ।

तपशीलः

| क्र.सं. | निर्माण गरिने संरचना/ ठाउँ | क्षेत्रफल | सीमा | | | |
|---|---|---|---|---|---|---|
| | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
| १ | मुख्य प्रशासनिक भवनमा पहुँचका लागि बाटो | ४६९.९४ वर्ग मिटर | मुख्य प्रशासनिक भवन र मुख्य सडकसँग जोड्न उपयुक्त जमीन | | | |
| २ | बालविकास भवन, वडा नं. ४ | १०९.२९ वर्ग मिटर | घट्टीगाड | बाटो | बेतालमाणु मन्दिर | प्रेम बि.क.को घर |

CamScanner

आज मिति २०८१।०९।२६ गते शुक्रबारका दिन के.आई.सिंह गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर शाही ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको ८ औ (आ.ब. २०८१-०८२) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका निर्णयहरु गरियो।

| क्र.स. | नाम,थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री लोकेन्द्र बहादुर शाही | अध्यक्ष | | |
| २ | श्री मिना देवी बिष्ट | उपाध्यक्ष | | |
| ३ | श्री कृष्ण बहादुर बम | वडा अध्यक्ष (वडा नं १) | | |
| ४ | श्री नेत्र बहादुर रावल | वडा अध्यक्ष (वडा नं २) | | |
| ५ | श्री राम बहादुर कुवर | वडा अध्यक्ष (वडा नं ३) | | |
| ६ | श्री जय बहादुर धामी | वडा अध्यक्ष (वडा नं ४) | | |
| ७ | श्री दुर्गा सिं रावल | वडा अध्यक्ष (वडा नं ५) | | |
| ८ | श्री कृष्ण प्रसाद जैशी | वडा अध्यक्ष (वडा नं ६) | | |
| ९ | श्री दिल बहादुर बलायर | वडा अध्यक्ष (वडा नं ७) | | |
| १० | श्री कलु देवी आउजी | कार्यपालिका सदस्य | | |
| ११ | श्री नारु बि.क. | कार्यपालिका सदस्य | | |
| १२ | श्री धारु बि.क. | कार्यपालिका सदस्य | | |
| १३ | श्री निर्मला कुमारी बटाला | कार्यपालिका सदस्य | | |
| १४ | श्री विष्णु बहादुर माझी | कार्यपालिका सदस्य | | |
| १५ | श्री नरिभान लुहार | कार्यपालिका सदस्य | | |
| १६ | श्री पुष्प राज भट्ट | नि. सदस्य-सचिव | | |
| १७ | श्री शिवराज रेग्मी | लेखा शाखा प्रमुख | | |

१८ श्री विरेन्द्र सिंह साउद रोजगार संयोजक

मिति:२०८१।०९।२६ गते शुक्रबार

के.आई.सिंह गाउँपालिका कार्यपालिका बैठक संख्याः ८

**प्रस्तावहरु:**

१. ७ औ कार्यपालिकामा भएका निर्णयहरुको समिक्षा सम्बन्धमा।
२. राष्ट्रपति रनिङ शिल्ड आयोजनाका लागि स्थान तोक्ने सम्बन्धमा।
३. अनुदानलाई निरन्तरता दिने सम्बन्धमा।
४. करार सेवामा पदपूर्ति गरिएका कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा।
५. १६ औ गाउँसभा संचालन गर्ने सम्बन्धमा।
६. गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ स्विकृतका लागि गाउँसभामा पेश गर्ने सम्बन्धमा।
७. खेलाडीलाई सम्मान गर्ने सम्बन्धमा।
८. वडा स्तरीय सार्वजनिक सुनुवाईको समिक्षा सम्बन्धमा।
९. खेलकुद प्रशिक्षक खटाउने सम्बन्धमा।
१०. जिम्मेवारी तोक्ने सम्बन्धमा।
११. आर्थिक विकास समितिका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।

**निर्णयहरु:**

१. प्रस्ताव नं १ माथी छलफल गर्दा यस आर्थिक वर्षको ७ औ कार्यपालिकामा भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो।
२. प्रस्ताव नं २ माथी छलफल गर्दा के.आई.सिंह गाउँपालिकाले आयोजना गर्दै आएको राष्ट्रपति रनिङ शिल्डलाई यस वर्ष वडा नं ४ को झिमे मालिका माध्यामिक विद्यालयमा आयोजना गर्ने निर्णय गरियो।
३. प्रस्ताव नं ३ माथी छलफल गर्दा राष्ट्रपति रनिङ शिल्ड आयोजनाका लागि गाउँपालिका भित्रका माध्यामिक विद्यालयलाई प्रति विद्यालय रु ३० हजारका दरले प्रदान गरिदै आएको अनुदानलाई निरन्तरता दिने निर्णय गरियो।
४. प्रस्ताव नं ४ माथी छलफल गर्दा यस गाउँपालिकाको मिति २०८१।०८।२५ गते प्रकाशित विज्ञापन अनुसार सर्वेक्षक पदका लागि मिति २०८१।०९।२१ गते संचालन गरिएको परिक्षामा सफल उम्मेदवार श्री गणेश बहादुर नेपालीको सेवा सुविधा नेपाल सरकारको मापदण्ड बमोजिम तोक्ने निर्णय गरियो।
५. प्रस्ताव नं ५ माथी छलफल गर्दा यस गाउँपालिकाको १६ औ गाउँ सभा अधिवेशन मिति २०८१।०९।२८ गते संचालन गर्ने निर्णय गरियो।
६. प्रस्ताव नं ६ माथी छलफल गर्दा यस गाउँपालिका भित्र खानेपानी सेवालाई व्यवस्थित गर्न गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ स्विकृतका लागि गाउँसभामा पेश गर्ने सम्बन्धमा।
७. प्रस्ताव नं ७ माथी छलफल गर्दा यस के.आई.सिंह गाउँपालिका वडा नं ५ स्थायी ठेगाना घर भई नेपाल प्रिमियर लिगमा जनकपुर बोल्ट टिमबाट सहभागी भई प्रथम स्थान हासिल गर्न सफल श्री शेर बहादुर मल्ललाई यस गाउँपालिकाले सम्मान गरी निजलाई रु १ लाख ३० हजार रकम प्रदान गर्ने निर्णय गरियो।

८१।०९।२६

CamScanner

८. प्रस्ताव नं ८ माथी छलफल गर्दा यस गाउँपालिकाको आयोजनामा मिति २०८१।०९।१९ देखि २०८१।०९।२५ गते सम्म संचालन गरिएको वडा स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका गुनासो र प्रश्नहरुको विषयमा छलफल सहित समिक्षा गरियो।

९. प्रस्ताव नं ९ माथी छलफल गर्दा मिति २०८१।१०।०४ देखि २०८१।१०।०६ गते सम्म संचालन हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गर्नु पूर्व खेलकुद सम्बन्धी नियमहरुको जानकारी गराउनका लागि १० वटा माध्यिमक विद्यालयमा जानुपर्ने भएको हुदाँ उक्त कार्यका लागि यस गाउँपालिकाका खेलकुद प्रशिक्षक र अर्को प्रशिक्षकको रुपमा श्री रोशन जोशीलाई खटाउने सम्बन्धमा मिति २०८१।०९।१८ गतेको प्र.अ. बैठकमा भएको निर्णयलाई अनुमोदन गर्ने र निजलाई सेवा सुविधा वापत दक्ष जनशक्तिले पाउने दैनिक रु ११७०।– का दरले निजले काम गरेको दिन बराबरको रकम शिक्षा,युवा तथा खेलकुद शाखाको सिफारिसमा भूक्तानी गर्ने निर्णय गरियो।

१०.प्रस्ताव नं १० माथी छलफल गर्दा चालु आर्थिक वर्षको वार्षिक स्विकृत कार्यक्रम अन्तर्गतको शिक्षक परिचयपत्र निर्माण तथा वितरण शिर्षकमा विनियोजित बजेटको कार्यान्वयनका लागि शिक्षा युवा तथा खेलकुद शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

११. प्रस्ताव नं ११ माथी छलफल गर्दा यस गाउँपालिकाको आर्थिक विकास समितिले चालु आर्थिक वर्ष २०८१।०८२ मा हाल सम्म गरेका सबै बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

081/05/26

के.आई.सिंह गाउँपालिका
गाउँपालिकाको कार्यालय
बयल, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

आज मिति २०८१।०९।२८ गते आईतबारका दिन यस के.आई.सिंह गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर शाही ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको ९ औ (आ.ब. ०८१-०८२) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका निर्णयहरु गरियो।

| क्र.स. | नाम,थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री लोकेन्द्र बहादुर शाही | अध्यक्ष | | |
| २ | श्री मिना देवी बिष्ट | उपाध्यक्ष | | |
| ३ | श्री कृष्ण बहादुर बम | वडा अध्यक्ष (वडा नं १ ) | | |
| ४ | श्री नेत्र बहादुर रावल | वडा अध्यक्ष (वडा नं २ ) | | |
| ५ | श्री राम बहादुर कुवर | वडा अध्यक्ष (वडा नं ३ ) | | |
| ६ | श्री जय बहादुर धामी | वडा अध्यक्ष (वडा नं ४ ) | | |
| ७ | श्री दुर्गा सिं रावल | वडा अध्यक्ष (वडा नं ५ ) | | |
| ८ | श्री कृष्ण प्रसाद जैशी | वडा अध्यक्ष (वडा नं ६ ) | | |
| ९ | श्री दिल बहादुर बलायर | वडा अध्यक्ष (वडा नं ७ ) | | |
| १० | श्री कलु देवी आउजी | कार्यपालिका सदस्य | कलु | |
| ११ | श्री नारु बि.क. | कार्यपालिका सदस्य | Naru | |
| १२ | श्री धारु बि.क. | कार्यपालिका सदस्य | Dharu | |
| १३ | श्री निर्मला कुमारी बटाला | कार्यपालिका सदस्य | | |
| १४ | श्री विष्णु बहादुर माझी | कार्यपालिका सदस्य | | |
| १५ | श्री नरिभान लुहार | कार्यपालिका सदस्य | | |
| १६ | श्री पुष्प राज भट्ट | नि. सदस्य-सचिव | | |

१७. श्री [illegible]

मिति:२०८१।०९।२९ गते आईतबार

के.आई.सिंह गाउँपालिका कार्यपालिका बैठक संख्याः ९

**प्रस्तावहरु:**

१. विनियोजन विद्येयक २०८१ प्रथम संशोधन सम्बन्धमा।
२. आर्थिक विद्येयक २०८१ प्रथम संशोधन सम्बन्धमा।
३. संशोधित बजेट तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा।
४. भूक्तानी गर्ने सम्बन्धमा।
५. दिल्पेश्वर स्पोर्ट कलबलाई सहयोग गर्ने सम्बन्धमा।
६. सेवा सुविधा भूक्तानी सम्बन्धमा।
७. शिक्षक पदपूर्ति गर्ने सम्बन्धमा।

**निर्णयहरु:**

१. प्रस्ताव नं १ माथी छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ को विनयोजन विद्येयक २०८१ प्रथम संशोधन स्विकृतिका लागि १६ औ गाउँ सभामा पेश गर्ने निर्णय गरियो।
२. प्रस्ताव नं २ माथी छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ को आर्थिक विद्येयक २०८१ प्रथम संशोधन स्विकृतिका लागि १६ औ गाउँ सभामा पेश गर्ने निर्णय गरियो।
३. प्रस्ताव नं ३ माथी छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ को संशोधित बजेट तथा कार्यक्रम १६ औ गाउँ सभामा स्विकृतिका लागि पेश गर्ने निर्णय गरियो।
४. पस्ताव नं ४ माथी छलफल गर्दा यस गाउँपालिकाले खरिद गरेको श्रीमदभागवत प्रवेशिका किताबको बिल बमोजिमको रकम भूक्तानी गर्ने निर्णय गरियो।
५. प्रस्ताव नं ५ माथी छलफल गर्दा दिल्पेश्वर स्पोर्ट क्लबले आयोजना गर्ने भलिबल लिगलाई यस गाउँपालिकाबाट स्पोन्सर गरी सो वापत रु २० हजार सहयोग रकम प्रदान गर्ने निर्णय गरियो।
६. प्रस्ताव नं ६ माथी छलफल गर्दा गाउँपालिका अध्यक्ष ज्युको विभिन्न सयमको दैनिक भ्रमण खर्च,गाडीभाडा खर्च र अतिथि सत्कार वापतको बिल बमोजिमको सेवा सुविधा स्विकृत गरी भूक्तानी गर्ने निर्णय गरियो।
७. प्रस्ताव नं ७ माथी छलफल गर्दा दलित सँग अध्यक्ष कार्यक्रम अन्तर्गत तपसिलका विद्यालयहरुमा सम्बन्धित समुदायको शिक्षकको पदपूर्तिको जिम्मा सम्बन्धित विद्यालयलाई दिने निर्णय गरियो।

तपसिलः

| क्र.स. | विद्यालयको नाम | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | ईन्द्र मा वि वडा नं २ | १ | |
| २ | भूवनेश्वरी मा वि वडा नं ५ | १ | |
| ३ | रामेश्वर आ वि वडा नं १ | १ | |

०८१।०९।२८